# सरुवा तथा काज सम्बन्धी मापदण्ड-२०७८

यस विभाग तथा अन्तर्गत नेपाल वन सेवा ने.पा.वा.ला समूहका कर्मचारीहरुको सरुवा तथा काजलाई व्यवस्थित र पारदर्शी वनाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव हुने गरि निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० बमोजिम सरुवा तथा काज सम्बन्धी निम्नानुसारको मापदण्ड बनाई लागु गरिने छ ।

१. "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा १.५ वर्ष अवधी काम गरेका कर्मचारीहरुलाई "घ"वा "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा २ वर्षको लागि ।

२. "ग" वा "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा २ वर्षको अवधि काम गरिसकेका कर्मचारीलाई "ख" वा "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कम्तिमा १.५ वर्षको लागि ।

३. सरुवा गर्दा रिक्त पद मिलेसम्म निजामती सेवाको राजपत्र अनंकित श्रेणीमा कार्यरत कर्मचारीको पति पत्नी दुबै निजामती सेवामा भए एउटै जिल्लामा पठाइने छ ।

४. पचास वर्ष उमेर पुगेका कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरुवा गरिने छैन । तर संस्थाको आवश्यकता जनशक्तिको उपलब्धताको आधारमा सरुवा गर्न सकिने छ ।

५. राजपत्र अनंकित र श्रेणी विहिन निजामती कर्मचारीलाई घर पायकको जिल्लामा सरुवा गर्न प्राथमिकता दिइने छ ।

६. उमेरको कारणबाट अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेकोमा माग गरेको अवस्थामा बाहेक सरुवा गरिने छैन ।

७. स्थायी दरबन्दीमा रहेका कर्मचारी तीन महिना भन्दा बढी अवधिको लागि अध्ययन वा अन्य विदा लिई बसेको अवस्थामा उक्त दरबन्दीमा अन्य कर्मचारीलाई काज खटाउन सकिने ।

८. तलबी अध्ययन विदाको सुविधा लिई देश तथा विदेशमा अध्ययन गरे पश्चात त्यस्ता कर्मचारीहरुलाई "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा रहेको कार्यालयमा अनिवार्य रुपमा सरुवा गरिने छ ।

९. मान्यता प्राप्त चिकित्सकले रोग प्रमाणित गरेको अवस्था र सो रोगको प्रकृति अनुसार चिकित्सकको निगरानिमा रहनुपर्ने कर्मचारीलाई सकेसम्म सहज हुने गरि सरुवा व्यवस्था मिलाईने छ ।

१०. हात्तीसारका कर्मचारीहरुको हकमा सकेसम्म घरपायक सरुवा गरिने छ र यो समूहका कर्मचारीहरुलाई भौगोलिक क्षेत्रको नियम लागू हुने छैन ।

११. दरवन्दिको संख्या हिमाल र तराईमा समानुपातिक रुपमा वितरण नभएकोले कार्यालयको कार्य व्यवस्थापन हुने गरि कर्मचारी व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

१२. निवेदनमा माग गरेको आधारलाई सरुवा/काज गर्दा भएसम्म प्राथमिकता दिइने छ ।

१३. रा.प.द्वितीय श्रेणीकालाई बरिष्ठताको आधारमा कार्यालय प्रमुखमा खटाईने छ ।

१४. कार्यसञ्चालन गर्दा उठेका विवाद, उजुरी, गुनासाहरु, कार्यदक्षतालाई समेत सरुवा/काज खटाउँदा आधार मानिनेछ ।

१५. मापदण्डको पालनाः सरुवाको सिलसिलामा यस मापदण्डको पूर्ण पालनाका लागि सम्बन्धित सबै पक्ष जिम्मेवार हुनुपर्नेछ ।

१६. संसोधन र परिमार्जनः यो मापदण्ड राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सरोकारवाला पक्षहरुसंग आवश्यक छलफल र समयानुकुल परिमार्जन वा संसोधन गर्न सक्ने छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०३७